आज मिति २०८१ कार्तिक १२ गते दिउँसो १२:३० बजे  थलारा गाउँपालिका गाउँ कार्यपालिका अध्यक्ष श्री प्रकाश बहादुर रोकायाज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक बसी देहाय बमोजिमका पदाधिकारीहरुको समुपस्थितिमा निम्नानुसारको निर्णय गरियो।

| क्र.सं | पदाधिकारीको नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | प्रकाश बहादुर रोकाया | अध्यक्ष | |
| २ | राम बहादुर खाती | उपाध्यक्ष | |
| ३ | रविन्द्र जोशी | कार्यपालिका सदस्य | |
| ४ | रविन्द्र बहादुर खाती | कार्यपालिका सदस्य | |
| ५ | प्रकाश भण्डारी | कार्यपालिका सदस्य | |
| ६ | रामचन्द्र जोशी | कार्यपालिका सदस्य | |
| ७ | नर बहादुर खाती | कार्यपालिका सदस्य | |
| ८ | अनिल कुमार बिष्ट | कार्यपालिका सदस्य | |
| ९ | किस्ने सार्की | कार्यपालिका सदस्य | |
| १० | टिकाराज जोशी | कार्यपालिका सदस्य | |
| ११ | लोकेन्द्र बहादुर बिष्ट | कार्यपालिका सदस्य | |
| १२ | हेमन्ती देवी सिंह | कार्यपालिका सदस्य | |
| १३ | रम्भा देवी कामी | कार्यपालिका सदस्य | |
| १४ | सुनिता देवी गिरी | कार्यपालिका सदस्य | |
| १५ | कमला कुमारी उपाध्याय जोशी | कार्यपालिका सदस्य | |
| १६ | बिर्ख बहादुर मिजार कामी | कार्यपालिका सदस्य | |
| १७ | ज्ञानु दमाई | कार्यपालिका सदस्य | |
| १८ | प्रयाग राज पाध्या | सचिव | |

प्रमुख प्रशासकीय अधिकृत

## मिति २०८१ कार्तिक १२ गतेको गाउँ कार्यपालिका बैठकको निर्णयहरू

निर्णय नं १

पूर्व बैठकमा भएका निर्णयहरू कार्यान्वयनको समीक्षा गरियो। साथै कार्यालयको नियमित सेवाप्रवाह तथा विकासका गतिविधि सञ्चालनलाई थप प्रभावकारी बनाउने र बहुपक्षिय समन्वय र सहकार्य मार्फत नीति कार्यक्रमको कार्यान्वयनमा जोड दिने सम्बन्धमा छलफल भयो।

निर्णय नं. २

आ.व. २०८१।८२ मा यस थलारा गाउँपालिका अन्तर्गत कार्यान्वयन हुने आयोजना तथा कार्यक्रमको कार्यान्वयनका लागि खरिद इकाई मार्फत तयार भएको थलारा गाउँपालिकाको वार्षिक खरिद योजना, २०८१ स्वीकृत गरियो।

निर्णय नं ३

सडक बोर्ड नेपाल र यस गाउँपालिकाको लागत साझेदारीमा गत आर्थिक बर्ष २०८०।८१ को स्वीकृत कार्यक्रम अनुसार कार्यान्वयन गरिएको सडक मर्मत कार्यको ठेक्का नं.NCB/TRM/Works/03/2080/81 को कार्यसम्पन्न भइसकेकोले उक्त ठेक्काको भुक्तानी दिन बाँकी रहेको रकम मध्ये ८० प्रतिशत सडक बोर्डबाट निकासा माग गर्ने र २० प्रतिशत रकम गाउँपालिकाबाट विनियोजित बजेटबाट वेहोर्ने गरी भुक्तानी दिने। साथै यस आर्थिक बर्ष २०८१।८२ मा देहायको कार्य गर्नका लागि २० प्रतिशत यस गाउँपालिकाको लागत साझेदारी रहने गरी सडक बोर्डको कार्यक्रम स्वीकृत गर्ने।

क) कुलाकाट्ने सिरेटा सडक मर्मत

ख) झनाना-खोली सडक खण्ड मर्मत

निर्णय नं. ४

यस थलारा गाउँपालिका, रोजगार सेवा केन्द्रका लागि प्राविधिक सहायक करार सेवामा लिन भएको (विज्ञापन नं. ०२/२०८१-०८२) विज्ञापन बमोजिम तोकिएको म्याद भित्र रितपूर्वक दरखास्त पेश गरी प्रारम्भिक सूचीमा नाम समावेश भएका उम्मेदवारहरू मध्येबाट उपयुक्त उम्मेदवार छनौट गर्न मिति २०८१/०६/२३ गतेका दिन लिएको लिखित तथा प्रयोगात्मक परीक्षामा कुनै पनि उम्मेदवार उतिर्ण नभएकोले उक्त पदमा करार पदपूर्तिका लागि पुनः १५ दिनको म्याद राखी विज्ञापन प्रकाशन गरी पदपूर्ति प्रक्रिया अगाढी बढाउने। त्यस्तै यस थलारा गाउँपालिका, रोजगार सेवा केन्द्रमा कार्यरत रोजगार संयोजकले राजीनामा पेश गरी रिक्त हुन आएकोले उक्त पदमा समेत करार पदपूर्तिको लागि १५ दिनको म्याद राखी विज्ञापन प्रकाशन गरी पदपूर्ति प्रक्रिया अगाढी बढाउने।

निर्णय नं. ५

दंगाजी स्वास्थ्य चौकी अन्तर्गत संचालनमा रहेको कफलकाडा बर्थिङ सेन्टरमा हाल सम्म स्वास्थ्य चौकीको आन्तरिक स्रोतबाट सुविधा पाउने गरी कार्यरत कास श्री चना खातीलाई गाउँपालिकाबाट पारश्रमिक पाउने गरी करार सम्झौता गर्ने।

निर्णय नं. ६

यस गाउँपालिका अन्तर्गत सञ्चालित विभिन्न निर्माण कार्य सम्बन्धी आयोजनाहरुको स्थलगत सर्वेक्षण, लागत अनुमान, नियमित सुपरीवेक्षण, नापजाँच र मूल्यांकनमा खटिने इन्जिनियरिङ सेवा तर्फका कर्मचारीहरुलाई मिति २०८१ मंसिर १ गते देखि लागु हुने गरी देहायका आधारमा आयोजनाको लागत अनुमानमा उल्लिखित कन्टीजेन्सी खर्च रकम मध्येबाट स्रोत बेहोर्ने गरी मासिक फिल्ड भत्ता दर तोक्ने निर्णय गरियो।

| तह | सेवा | फिल्ड भत्ता दर | कैफियत |
|---|---|---|---|
| अधिकृत छैठौं/सातौं | इन्जिनियरिङ | ११,००० | |
| सहायक चौथो/पाँचौं | इन्जिनियरिङ | ९,००० | |

फिल्ड भत्ता पाउने आधारहरु:

(१) निर्माण कार्य सम्बन्धी आयोजनाहरुको स्थलगत सर्वेक्षण, लागत अनुमान, सुपरीवेक्षण, नापजाँच, मूल्यांकन जस्ता आयोजना व्यवस्थापन सम्बन्धी कार्यमा गाउँपालिका भित्रका विभिन्न टोल वस्तीमा गई स्थलगत रुपमा फिल्डमा खटिनु पर्ने इन्जिनियरिङ्ग सेवा तर्फका कर्मचारीहरुलाई मात्र यस्तो फिल्ड भत्ता रकम भुक्तानी गरिनेछ।

(२) प्रत्येक महिना कम्तिमा १६ दिन फिल्डमा खटिएको अवस्थामा मात्र उक्त महिनाको फिल्ड भत्ता भुक्तानी गरिनेछ। १६ दिन भन्दा कम अवधि फिल्ड खटिएको अवस्थामा फिल्ड भत्ता भुक्तानी गरिनेछैन।

(३) साइट तोकिएका सबै आयोजनाहरुको भौतिक प्रगति शून्य भएमा वा कुनै साइट नतोकिएको अवस्थामा सम्बन्धित प्राविधिकलाई फिल्ड भत्ता भुक्तानी गरिनेछैन।

(४) विदा वा काजमा खटिएको अवस्थामा फिल्ड भत्ता रकम दामासाहीले कट्टी गरिनेछ।

(५) फिल्डमा खटिने कर्मचारीहरुले साप्ताहिक र मासिक रुपमा प्रगति प्रतिवेदन प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्नुपर्नेछ।

२०८१/६/१२